# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


पत्र संख्या : ०८२/८३
सूचना नं. : ३१

## तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना!

(सूचना प्रकाशित मितिः२०८२/०८/२१/ने.सं.११४६ थिंल्लागा ३ आइतबार)

सिद्धिचरण नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ र दफा २७ को उपदफा १ र २ तथा सिद्धिचरण नगरपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ६ र ७ बमोजिमको योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तह वृद्धिको लागि तपसिलमा उल्लेखित कागजात सहित कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन सोही कार्यविधिको दफा ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्यांकन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,

ग. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह वृद्धि/बढुवा नियुक्तिको प्रतिलिपि,

घ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि, (समायोजन भएको कर्मचारीको हकमा)

ङ. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

च. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

छ. तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

२०८२/०८/२१
फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत